यस व्यास नगरपालिकाको १५८ औं बैठक आज मिति २०७९/१०/६ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| का.वा. वडाध्यक्ष ८ | श्री रामप्रसाद मिश्र | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०७९/९/२६ को बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगरपालिका भु-उपयोग ऐन नियम अनुसार थप जग्गा वर्गिकरण सम्बन्धमा ।
प्रस्ताव नं.३: सडकबोर्ड अन्तर्गत बाटो मर्मत संहार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यास नगरपालिका सामुदायिक र स्रस्थागत मा.वि. का गत SEE नतिजा सम्बन्धमा ।
प्रस्ताव नं.५: सञ्चारकर्मी सहयोग सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा ।
प्रस्ताव नं.६: शहिद दिवसका सन्दर्भमा हुने मानुङ्ग-पुलिमराङ्ग म्याराथन सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिकाको स्थापना दिवस २०७९ को तयारी सम्बन्धमा ।
प्रस्ताव नं.८: कोशेली घरमा किसानहरुको उत्पादन संकलन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: झोलुङ्गे पुल निर्माणका लागि सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.१०: दमौली अस्पतालका डाइलासिस सेवाका लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.११: मादिनदीको ढुङ्गा, गिट्टी, बालुवाको टेण्डर प्रकृया रद्द गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: ढुङ्गा, गिट्टी, बालुवा विक्री गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: अत्यावश्यक र विपदजन्य कामका लागि रकम विनियोजन :सम्बन्धमा ।
प्रस्ताव नं.१४: जग्गा वर्गिकरण सम्बन्धमा ।
प्रस्ताव नं.१५: विभिन्न योजनाहरुको लागि गण्डकी प्रदेश सरकारसँग रकम माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: विभिन्न स्थानको रुख काट्ने सिफारि गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: नारेश्वर तालबाट प्रभावितलाई निकास दिने सम्बन्धमा ।
प्रस्ताव नं.१८: दमौली सेन्ट्रल पार्कको खेलकुद सामाग्री संरक्षण सम्बन्धमा ।
प्रस्ताव नं.१९: नगर विकास कोष संगको सहकार्यको पहिलो चरण टेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: सामुदायिक भवन एवं मन्दिर निर्माण गर्न हकभोग सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: शिक्षक सरुवा बदर सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/९/२६ गते भएको कार्यपालिका बैठकबाट ३८ औं नगरसभामा पेश गरिएका प्रस्तावहरु सहितको निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका जग्गाहरु भु-उपयोग ऐन, २०७६ को दफा १८ (२) बमोजिमको भु-उपयोग परिषद्बाट कृषि र गैह्र कृषि क्षेत्र वर्गीकरण भईसकेकोमा अब गैह्र कृषि क्षेत्रका जग्गाहरुको थप वर्गीकरण गर्न सम्बन्धित विज्ञहरुको परामर्श सेवा लिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा सडक बोर्ड नेपालबाट यस नगरपालिका अन्तर्गतका कालोपत्रे भईसकेका बाटाहरुको मर्मत संहारका लागि यस आ.व. २०७९/०८० का लागि ७०% बजेट अन्तर्गत रू.७२,००,०००/- (बहत्तर लाख) प्राप्त भएको र यस नगरपालिकाबाट ३०% सहभागिता थप गरी हुन आउने कुल रकमले नगरपालिकाभित्रका मर्मत संहार गर्नुपर्ने बाटाहरुको लागत ईष्टिमेट गरी २०७९ माघ महिनाभित्र सडक बोर्ड नेपालमा स्वीकृतिका लागि पठाउन पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुका आ.व. २०७८/०७९ को SEE नतिजामा विज्ञान, गणित, अंग्रेजी विषयमा अनुतिर्ण संस्था ज्यादा आएको देखिंदा सबै मा.वि.हरुबाट विषयगत शिक्षक, विद्यार्थी विवरण र प्राप्ताङ्क सहितको विवरण विद्यालयबाट माग गरी विश्लेषण सहितको प्रतिवेदन नगर शिक्षा समिति मार्फत कार्यपालिकाको आगामी बैठकमा पेश गर्न नगरशिक्षा शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विगत बर्षहरु देखि नै सञ्चारकर्मीहरुलाई नगरपालिकाबाट विविध सहयोग गरिदै आएकोमा व्यवस्थित एवं पारदर्शी होस भन्ने आधारमा सञ्चारकर्मी सहयोग कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विगत ५ बर्ष देखि व्यास नगरपालिका वडा नं.५ को पर्यटकीय स्थल मानुङ्गकोट र वडा नं.८ स्थित शहिदपार्क पुलिमराङ्गसम्म हुदै आएको ४४ कि.मि. म्याराथन दौड जिल्लास्तरीय धावकहरु मात्र प्रतियोगी रहने गरी अत्यन्त मितव्ययी ढंगले सञ्चालन गर्न बजेट शिर्षक नं.२४९ बाट बढीमा १०,००,०००/- (दश लाख) खर्च गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो । साथै व्यवस्थापन तयारी समिति निम्नानुसार हुनेछ ।

(१) संयोजक श्री सुरेश थापा – अध्यक्ष, खेलकूद समिति
(२) सदस्य श्री जीवन कुमार गुरुङ्ग – सदस्य, खेलकूद समिति
(३) सदस्य श्री विष्णु कुमार श्रेष्ठ – वडा अध्यक्ष, वडा नं. ५
(४) सदस्य श्री युवराज गुरुङ्ग – वडा अध्यक्ष, वडा नं. ८
(५) सदस्य श्री चन्द्रमाया परियार – कार्यपालिका सदस्य
(६) सदस्य श्री टेक बहादुर गुरुङ्ग – अध्यक्ष, पुलिमराङ्ग टोल विकास
(७) सदस्य श्री एक बहादुर गुरुङ्ग – अध्यक्ष, शहिदपार्क पुलिमराङ्ग
(८) सदस्य श्री दान कुमार थापा – अध्यक्ष, मानुङ्ग सौराहा टोल
(९) सदस्य- सचिव श्री नविन पराजुली – प्रमुख, शिक्षा तथा सामाजिक विकास शाखा

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३२औं स्थापना दिवस २०७९ चैत्र ३० मनाउन नगर प्रमुखको अध्यक्षतामा सबै नगर कार्यपालिका, नगरसभा सदस्यहरु, शाखा/उपशाखा प्रमुखहरु रहने मुल आयोजक समिति र विविध पक्षका उत्कृष्ट शिक्षक, कर्मचारी, टोल विकास समिति, उपभोक्ता समिति, करदाता, कृषकहरु, उद्यमीहरु, उत्कृष्ट खेलाडीहरु, साहित्य, कला लगायत सामाजिक क्षेत्रको महानुभावहरुलाई सम्मान गर्ने निर्णय गरियो । साथै सम्मानित हुने महानुभावहरुको सिफारिस गर्न निम्नानुसार सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री इन्दिरा दरै – उपप्रमुख
(२) सदस्य श्री हरिराम नागिला – प्रमुख प्रशासकीय अधिकृत
(३) सदस्य श्री काजीमान श्रेष्ठ – सामाजिक विकास समिति
(४) सदस्य श्री सुरेश थापा – अध्यक्ष, सुशासन समिति
(५) सदस्य श्री चन्द्रमाया परियार – कार्यपालिका सदस्य
(६) सदस्य श्री रनसिं नेपाली – कार्यपालिका सदस्य

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ मा उद्यमी महिलाहरुद्वारा सञ्चालित कोशेली घरमा विभिन्न वडाबाट किसानहरुद्वारा उत्पादित सामानहरु संकलन गर्न सूचना प्रवाह गरी सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरभित्र अत्यावश्यक निम्न लिखित झोलुङ्गे पुलहरुको सम्बन्धित निकाय संघीय स्थानीय पूर्वाधार विभागमा माग गरी पठाउने निर्णय गरियो ।

**झोलुङ्गे पूल माग गर्ने स्थानहरु**

क. व्यास नगरपालिका वडा नं.५ उदय मा.वि.बाट म्याग्दे गा.पा. वडा नं. १ बाखे जोड्ने सांगे खोला ।
ख. व्यास नगरपालिका वडा नं.६ शेषाटार र वडा नं. ६ कै वडेगाउं जोड्ने मदिखोला ।
ग. व्यास नगरपालिका वडा नं.९ माझफांटबाट व्यास ११ जलेश्वर मन्दिर जोड्ने कलेस्ती खोला ।
घ. व्यास नगरपालिका वडा नं.१३ मा ताविरदी खोला (अमर ब.बि.क. को घर तल) ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा दमौली अस्पतालमा गरिदै आएको किड्नी बिरामीहरुको डाइलासिस सेवाका लागि बजेट शिर्षक १९१ मा रू.५,००,०००/- (पाँच लाख) अस्पतालको खातामा अनुदान उपलब्ध गराउने र सो रकमको अस्पताल समितिको निर्णयबाट नियमानुसार फछ्र्यौट भएमा थप रकम कामको आधारमा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत खण्ड (क) मादिनदीको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा विकी सम्बन्धी (चापाघाट मादिको पक्की पुलदेखि कलेस्ती पुलसम्म, बोलपत्र नं. RE05/VYASREV/2079/080) को बोलपत्रमा बोलपत्रदाता श्री एक्सन बिल्डर्स प्रा.लि. व्यास ५, तनहुँले कवोल गरेको (मु.अ.कर र आयकर बाहेक) रू.२,६३,६३,०६३/- (अक्षेरुपी दुई करोड त्रिसट्ठी लाख त्रिसट्ठी हजार त्रिसट्ठी रुपैंया मात्र) अङ्क स्वीकृत भई नियमानुसार सम्झौता प्रक्रिया अगाडी बढाई पटक पटक ताकेता गर्दा समेत सम्झौता गर्न नआएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (५) (३) बमोजिम बोलपत्रको जमानत रकम रू.७,८७,०००/- (अक्षेरुपी सात लाख सतासी हजार रुपैंया मात्र) जफत गरी उक्त बोलपत्र सम्झौता प्रक्रिया रद्द गर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) (ख) बमोजिम न्यूनतम अवधिको लागि कालो सूचीमा राख्न सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णेय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा निर्णय नं. ११ बमोजिमको खण्ड (क) मादिनदीको सम्झौता प्रक्रिया अन्त्य भएको र खण्ड (ख) कलेस्ती पुलदेखि सिसाघाट पुलसम्म ३ पटकसम्म बोलपत्र आव्हान गर्दा समेत बोलपत्रको आशय नपरेको हुँदा उक्त खण्ड (क) र खण्ड (ख) मा व्यास नगरपालिका आफैंले प्राकृतिक स्रोत साधनको उत्खनन तथा बिक्री गर्ने र सो सम्बन्धमा आवश्यक कर्मचारी, जनशक्ति व्यवस्थापन तथा परिचालन गर्ने निर्णय गरियो । उक्त कार्यमा खटाउने, अनुगमन गर्ने र खटिने कर्मचारी जनशक्तिलाईलाई दैनिक रु. ८००/का दरले खाजाखाना खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य र अत्यावश्यक निम्न कार्यमा सम्बन्धित बजेट शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | भुक्तानी रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | खानेपानी ईनार संरक्षण निर्मलनगर | १ | ५,००,०००/ | विपद |
| २. | मोहरियाटोल आशापानी खा.पा. ट्याङ्की निर्माण पाईप खरिद | १ | १,००,०००/ | ९२३ |
| ३. | भानुभक्त टोल नाला निर्माण | १ | ३,००,०००/ | ९३५ |
| ४. | मोहरियाटार नारीमञ्च आमासमुह कार्यालय समग्री खरिद | १ | ५०,०००/ | ९१८ |
| ५. | तालघरे टोलको डांडागाउ पञ्चेबाजा टोली ड्रेस खरिद | १ | ५०,०००/ | ९१८ |
| ६. | सेतो गुरांस बालविकास छाना छाउने | २ | १,००,०००/ | ९१० |
| ७. | पदमराज न्यौपाने, आगलागी भई क्षति | २ | २०,०००/ | विपद |
| ८. | नेपाल क्षयरोग निवारण साधारण सभा व्यवस्थापन | २ | १५,०००/ | ६२ |
| ९. | शिवपाञ्चायन मन्दिर व्यासगुफामा धारा निर्माण सहभागीता | ३ | २,००,०००/ | ९२३ |
| १०. | हरिओम टोल नाला निर्माण | ४ | १,३०,०००/ | ९३५ |
| ११. | धन बहादुर सुनार कान सुन्ने यन्त्र जडान | ५ | ३०,०००/ | २०६ |

| | | | | |
|---|---|---|---|---|
| १२. | कण्टार रिङ्गरोड खानेपानी पाईप मर्मत | ५ | १५,०००/ | ९२३ |
| १३. | चिन्तुटार घुरापानी कुवाको खानेपानी पाईप खरिद | ५ | १०,०००/ | ९२३ |
| १४. | टिमनेपोद्धारा मानहुंकोटमा झण्डा राख्ने सरसफाई सामग्री व्यवस्थापन | ५ | १,००,०००/ | २५२ |
| १५. | बाह्रबिसे आमा समुह अधुरो भवन निर्माण | ६ | २,५०,०००/ | ९१८ |
| १६. | श्याम्घा स्वास्थ्य चौकि नयां भवन रङ्गरोगन | ६ | १,२५,०००/ | ९१४ |
| १७. | शेखर खोला खानेपानी पाईप खरिद | ६ | १५,०००/ | ९२३ |
| १८. | श्याम्घा हटिया शेषाटार वडा कार्यालय पहुंच मार्ग निर्माण | ६ | १,००,०००/ | ९३५ |
| १९. | बल बहादुर नेपालीको घर संरक्षण शेषाटार | ६ | १०,०००/ | विपद |
| २०. | मादिवेसी टोल फलेदे सिवेनी खानेपानी योजना मर्मत | ६ | ३,५०,०००/ | ९२३ |
| २१. | सुन्दरटोल विकास अधुरो भवन निर्माण | ६ | ४,००,०००/ | ९१८ |
| २२. | शेराटोल अन्तर्गत सडकबत्ती व्यवस्थापन | ७ | २,००,०००/ | ९२१ |
| २३. | लम्साल कृषि तथा पशु फर्म सिंचाई पाईप खरिद | ८ | १५,०००/ | ९२० |
| २४. | सोतीवेसी बहुमुरे खानोपनी पाईप खरिद | ८ | ४५,०००/ | ९२३ |
| २५. | मिन बहादुर गुरुङ्ग घर संरक्षण | ९ | ३०,०००/ | विपद |
| २६. | जौबारी लिफ्टिङ्ग खानेपानी पाई खरिद | ९ | ३५,०००/ | ९२३ |
| २७. | तुलविर गुरुङ्ग, कर्ण बहादुर गुरुङ्ग घर संरक्षण | ९ | ४०,०००/ | विपद |
| २८. | लक्ष्मी आधारभुत विद्यालय ट्रस निर्माण | ९ | ९०,०००/ | ९१० |
| २९. | छाङ्गाबाराही टोल ढुंगाखानी क्षेत्र खानेपानी पाईप खरिद | १० | २६,०००/ | ९२३ |
| ३०. | नयांवस्ती खेल मैदान निर्माण | १० | १,१०,०००/ | ९१२ |
| ३१. | तालघरे दुम्सीचौर मार्ग डिहीगाउं नाला निर्माण समेत | १० | ५,२०,०००/ | ९३५ |
| ३२. | अंधेरीभञ्ज्याङ लामीडांडा टोल विकास कार्यालय सामग्री खरिद | १० | ७०,०००/ | ६२ |
| ३३. | सुकमायां दरै गणेश टोल घर मर्मत संरक्षण | १० | २०,०००/ | विपद |
| ३४. | चण्डीदेवी रा.मा.वि. अधुरो कम्पाउण्ड पूरा गर्ने | १० | ३,२०,०००/ | ९१० |
| ३५. | पोखेलफांट सिंचाई पुनर्निर्माण | १० | ६,००,०००/ | ९२० |
| ३६. | बाराहीरानी मार्ग बागेचौर मोटर मार्ग निर्माण मर्मत | ११ | ७,५०,०००/ | विपद |
| ३७. | भूत्याहा खानेपानी कुवा मर्मत सिंढी निर्माण मर्मत | ११ | १,००,०००/ | ९२३ |
| ३८. | फलेदेपानी टंकी धारा निर्माण सिंढी निर्माण | ११ | १,००,०००/ | ९२३ |
| ३९. | देउरालीडांडा पर्यटन स्थल निर्माण (थामे अधिकारी) | ११ | ५,००,०००/ | २५२ |
| ४०. | मदनआश्रित बाल उद्यान DPR निर्माण | ११ | ३,००,०००/ | ९४९ |
| ४१. | व्यास नगरपालिका चिस्यान केन्द्र विद्युत जडान विद्युत प्राधि. | ११ | २४,५०,५४८/३८ | |
| ४२. | खानीगैरा खानेपानी योजना निर्माण | १२ | ३,००,०००/ | ९२३ |
| ४३. | मैतेपानी हुंदै डुम्रेबोट कृषि मार्ग | १२ | १,००,०००/ | ९३५ |
| ४४. | धारादी खानेपानी पाईप मर्मत/खरिद | १३ | २५,०००/ | ९२३ |
| ४५. | केराखेती सिंचाई योजना पाईप, टंकी खरिद (कृष्ण रेग्मी) | १३ | २५,०००/ | ९२० |
| ४६. | तिनधारे खानेपानी ईन्टेक्ङ निर्माण | १३ | २०,०००/ | ९२३ |
| ४७. | शिव शर्मा पन्थ सिंचाई पाईप खरिद | १३ | १२,०००/ | ९२० |

| | | | | |
|---|---|---|---|---|
| ४८. | नव मित्रता युवा क्लब फुटवल खेल व्यवस्थापन | १३ | १,००,०००/ | २४९ |
| ४९. | सिद्धवेनी आधारभुत विद्यालय विशेष कक्षाका विद्यार्थी भ्रमण सहयोग | १३ | ५०,०००/ | ६२ |
| ५०. | पोखरीभञ्ज्याङ्ग शिवपार्वती मन्दिर नजिक सार्वजनिक शौचालय निर्माण | १३ | २५,०००/ | ९३५ |
| ५१. | निजानन्द जागनी अभियान कार्यक्रम व्यवस्थापन | | २५,०००/ | २४६ |
| ५२. | १ वर्षे वालिका साइरा क्षेत्री तातोपानीले पोलेको उपचार खर्च | | ४०,०००/ | ५३ |
| ५३. | महिला उद्यमी संघ नेपाल नेतृत्व विकास तालिम | | ६०,०००/ | २१८ |
| ५४. | १९ ह्विलचियर ढुवानी सहयोग | | ८०,०००/ | २०६ |
| ५५. | प्राविधिक शिक्षा लिने विपन्न छात्र सुरज नेपाली (निर्मल मा.वि.) अध्ययन सहयोग | | ३०,०००/ | १९९ |
| ५६. | अस्मिता ओझा (दमौली कलेज) अध्ययन सहयोग | | १०,०००/ | १९९ |
| ५७. | यातायात मजदुर संघ वार्षिक कार्यक्रम सहयोग | | ५०,०००/ | ९३५ |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७९।०८० संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण/खरिद कार्यको लागि बोलपत्र/दरभाउपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि. नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मु.अ.क.वाहेक) |
|---|---|---|---|---|
| १ | ०६/Works/vyas mun/२०७९।०८० | शेरा रामथुम्की मोटर मार्ग कालोपत्रे योजना व्यास ११ | श्री विश्वास एण्ड वि.पु. कन्स्ट्रक्सन काठमाण्डौ । | रु.२६,८६,७५५।५० |
| २ | ०७/Works/vyas mun/२०७९।०८० | वडा कार्यालय भवन निर्माण योजना व्यास १४ | श्री विश्वास एण्ड वि.पु. कन्स्ट्रक्सन काठमाण्डौ । | रु.२२,६८,६२१।९५ |
| ३ | ०८/Works/vyas mun/२०७९।०८० | इशानेश्वर मार्ग नाला तथा रिटेनिङवाल निर्माण व्यास १० | श्री मुभमेन्ट विल्डर्स प्रा.लि. काठमाण्डौ | रु.२१,१९,७३८।४० |
| ४ | ०९/Works/vyas mun/२०७९।०८० | बेलवास वेनिकोट भञ्ज्याङ रिङरोड मार्ग कालोपत्रे योजना १३ | श्री सापकोटा निर्माण सेवा व्यास ४ तनहुं | रु.१६,८४,९४०।०० |
| ५ | १३/Works/vyas mun/२०७९।०८० | झिल्के मार्ग कालोपत्रे योजना व्यास ४ | श्री सापकोटा निर्माण सेवा व्यास ४ तनहुं | रु.८,३४,०३१।५० |
| ६ | १२/Works/vyas mun/२०७९।०८० | राधाकृष्ण मार्ग अत्रौली स्तरोन्नती योजना व्यास १० | श्री सापकोटा निर्माण सेवा व्यास ४ तनहुं | रु.८,४३,५००।०० |
| ७ | १०/Works/vyas mun/२०७९।०८० | वडा कार्यालय पंहुच मार्ग स्तरोन्नती योजना व्यास १० | श्री सापकोटा निर्माण सेवा व्यास ४ तनहुं | रु.१३,३१,४६१।५० |

| | | | | |
|---|---|---|---|---|
| ८ | ४/Works/vyasmun/२०७९।०८० | कम्पोष्ट विन खरिद व्यास २ | श्री समृद्धदेश निर्माण प्रा.लि. काठमाण्डौ | रु.८,७८,२७५।०० |

**निर्णय नं. १५ :** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित योजनाहरुलाई गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**(क) वडा नं. १ अन्तर्गत हाईस्कुलटार निर्मलनगर टोलमा**

- ना
  ला निर्माण – २५,००,०००।- (पच्चिस लाख)

**(ख) वडा नं. ३ अन्तर्गतः**

(१) शान्तिनगर जाने बाराही बोर्डिङ्ग देखि निर्वाचन कार्यालयसम्म, पक्की नाला – २५,००,०००।- (पच्चिस लाख)

(२) मादिनदी भतेरी संरक्षण – ५०,००,०००।- (पचास लाख)

**(ग) वडा नं. ५ अन्तर्गतः**

(१) उयदय मार्ग कालोपत्रे ।

(२) सिद्ध मार्गको बाँकी भाग २ कि.मी. कालोपत्रे (मानुङ्ग) ।

(३) नेपालटार देखि चुदेर जाने बाटोमा नाला निर्माण तथा बाटो बिस्तार (७ कि.मी.) ।

(४) जेजीगाउँ कृषि संकलन एवं उपज केन्द्र निर्माण ।

(५) सेरा पोखेल गाउँ लिफ्टिङ्ग सिँचाई ।

(६) कण्टार चापाघाट खानेपानीका लागि रिजर्भ टंङ्की (दुई लाख लिटर) निर्माण, पाइप लाइन बिस्तार ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुंदा निम्न लिखित वडाहरुमा निम्न लिखित रुखहरु कटानका लागि जिल्ला वन कार्यालय तनहुंमा सिफारिस गर्ने निर्णय गरियो ।

क. वडा नं. ३ देउरालीनगर हुँदै मादि नदिमा झर्ने बाटोमा रहेका सिमलको रुख लगायतका बुटाहरु ।

ख. वडा नं. ११ कोकलडांडा स्थित खानेपानीको ट्रान्सफर्मर नजिक रहेको सिमलको रुख १ र पड्केको रुख २ (पटक/पटक चट्याङ्ग परि ट्रान्सफर्मर जल्ने कारणले) ।

ग. व्यास ११ निर्बु टोल विकास संस्था अन्तरगत निर्बु चौतारा स्थित भएका पुराना रुखहरु सुकेर हांगाहरु भांचिन थालेकाले मानविय क्षति हुन नदिन रुख हटाउने ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुंदा नारेश्वर ताल निर्माण गर्ने क्रममा नगरपालिकाले जग्गा अधिग्रहण गरी सिमा प्रभावित धनुमायां कार्की समेतका जग्गाधनीहरुको तालसंग जोडिएका जग्गाहरुलाई निकास खुल्ने गरि नगरपालिकाको तर्फबाट सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ :** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट दमौली सेण्ट्रल पार्कमा रहेको खेलकुद सामानको संरक्षण सम्बन्धमा मिति २०७९/९/२६ गतेको पत्र ०७९/१०/३ मा प्राप्त भएकाले उक्त पार्कको बिस्तृत अध्ययन प्रतिवेदन (DPR) अनुसार थप निर्माणका लागि टेण्डर प्रकृया सम्पन्न भई निर्माणधिन रहेकाले हाल १० वर्ष भन्दा मुनिका बालबालिकाहरुका लागि भएका खेलकुद समाग्रीहरु उक्त स्थानमा संरक्षण गर्न कठिनाई भएकाले ती सम्पूर्ण सामाग्रीहरु व्यास नगरपालिका वडा नं. २ कार्यालयको अनुगमन र निगरानीमा वडा नं. २ दमौली बजारमा कम्पाउण्ड समेत भएको, चौकिदार २४ घण्टा रहने हुंदा बालमन्दिर मा.वि.लाई हस्तान्तरण गर्ने र संरक्षणको उचित व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुंदा व्यास नगर विकास कोष र व्यास नगरपालिका बीच “बैरेनी जग्गा एकिकरण (Baireni Land Pooling Project Code : 2290-UID-CO-L)” निर्माण संचालन

तथा व्यवस्थापन गर्ने सम्बन्धि ऋण सम्झौता भए बमोजिम आयोजना कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने लागतको ७०% ले हुने रकम नगर विकास कोषबाट ऋण प्रवाह हुने तथा बांकी ३०% हुने रकम व्यास नगरपालिकाले बेहोर्ने गरि बजेट शिर्षक नं. ९१६ को एकिकृत जग्गा विकास कार्यक्रम शिर्षकमा आ.ब. २०७९/०८० मा विनियोजन भएको रकम रु. १,००,००,०००/(एक करोड) मध्ये हाल बैरेनी जग्गा एकिकरण आयोजना (प्रथम चरण) को जग्गा सम्याउने तथा रिटेनिङ्ग स्ट्रक्चर निर्माण गर्ने कार्यका लागि अनुमानित लागत रु. ८५,५८,९७०.४४(पचासी लाख अन्ठाउन्न हजार नौ सय सत्तरी रुपैयां चौवालिस पैसा) को टेण्डर आव्हान प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुंदा गण्डकी प्रदेश सरकार एवं संघीय सरकार अन्तर्गत विभिन्न सामुदायिक भवन एवं मन्दिर निर्माणका लागि विनियोजित बजेट सम्बन्धीत निकायमा संझौता गरी निर्माण प्रकृया अघि बढाउनका लागि सम्बन्धित वडाको सिफारिस समेतका आधारमा निम्न लिखित सामुदायिक भवन एवं मन्दिर निर्माण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरिन्छ ।

(क) वडा नं. ५ चापाघाट स्थित पूर्व सार्वजनिक जग्गा, पश्चिम भू.पू. कल्याणकारी क्लबको भवन, उत्तरमा बैरागी खोल्सा र दक्षिण साविक गुणादी वडा नं. २/क को कि.नं. ३१७, १९०६, १९०५ र ३१९ भएको जग्गा भीत्रको करिब १ रोपनी जग्गा चापाघाट स्थित मगर गुठी समाजको भवन टहरा निर्माण भई भोगचलन भई रहेको हुंदा उक्त जग्गामा कसैको दावि नहुंदा सो जग्गामा प्रदेश सरकार अन्तर्गतको विनियोजित रकमबाट भवन निर्माण गर्न गण्डकी प्रदेश सामाजिक विकास कार्यालय दमौली तनहुंमा सिफारिस गर्ने ।

(ख) व्यास नगरपालिका वडा नं. ७ पूर्व कलेस्ती खोला, पश्चिम कलेस्ती बजार ट्राफिक प्रहरी चौकी रहेको भवन, उत्तर व्यास मार्ग, दक्षिण मादिनदी यती चार किल्ला भित्रको करिब ४ रोपनी सार्वजनिक वैलानी जग्गामा शिव मन्दिर निर्माणका लागि मादिनदी कलेस्तीको मापदण्ड बाहेकको जग्गामा तत्कालिन माननीय मुख्यमन्त्रीबाट गतबर्ष शिलन्यास भई मन्दिर समितिको भोगचलनमा रहेको अन्य कसैको हकभोग दावा नरहेको जग्गा गण्डकी प्रदेश सरकारबाट विनियोजित रु. २०,००,०००/(विस लाख) को मन्दिर निर्माणका लागि विनियोजित रकमको संझौता गरी निर्माण प्रक्रिया अघि बढाउन गण्डकी प्रदेश सरकार सामाजिक विकास कार्यालय दमौली तनहुंलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं २१ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिकाको मिति २०७९/३/२२ गतेको नि.नं. १३ अनुसार अमरसिंह मा.वि. व्यास ११ धरमपानीमा रिक्त रहेको नि.मा.वि. तहको विज्ञान विषयको दरबन्दीमा विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको निवेदन अनुसार विज्ञान विषय परिवर्तन गरी नेपाली विषय कायम गरी उक्त दरवन्दीमा सानोकाभ्रे माध्यामिक विद्यालय दुधपोखरी गाँउपालिका-४, लमजुङमा निम्न माध्यमिक तह नेपाली विषयमा कार्यरत शिक्षक शारदा लम्साल पदस्थापना गर्ने निर्णय गरी मिति २०७९/०४/२३ गतेबाट निज शिक्षक उल्लेखित विषयमा विद्यालयमा सरुवा पदस्थापना भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको च.न. १८६५५ मिति २०७९/०७/१५ गतेको पत्र अनुसार उक्त सरुवा पदस्थापना अनुपयुक्त उल्लेख भई कारवाही गर्न निर्देशन भई आएकोले निम्न माध्यामिक तहको परिवर्तित नेपाली विषयलाई साविक कै विज्ञान विषय कायम गरी विद्यालयमा सेवा गरेको अवधि सम्मको प्रचलित तलबभत्ता पाउने गरी मिति २०७९/१०/११ गतेदेखी लागु हुने गरी उक्त सरुवा पदस्थापना बदर गर्ने र सोही दरवन्दी शिक्षा सेवा आयोगवाट शिक्षक पदपूर्तिका लागि भएको निम्न मध्यामिक तहको विज्ञान विषयको खुल्ला विज्ञापनमा समेत गणना भएकोले शिक्षक सेवा आयोगवाट निम्न माध्यामिक तहको स्थायी नियुक्ति लिई पदस्थापनाका लागि सिफारिस भई आएका शिक्षक पदस्थापन गर्ने निर्णय गरीयो ।